**Prāgyik Prabāha** Vol. 13, No.1.pp.158-169, December, 2025; Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Palpa, **DOI: https://doi.org/10.3126/pp.v13i1.94810**

# *मोहोर* उपन्यासमा निहित इतिहास चेतना

*डा. टंकप्रसाद पन्थ*
*tankapanth12@gmail.com*
*त्रिभुवन बहुमुखी क्याम्पस, त्रि.वि.*

*Article History: Received 12 March 2025; Reviewed 15 June 2025; Revised 12 September 2025; Accepted 22 November 2025*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख मोहोर उपन्यासको विश्लेषणमा केन्द्रित रहेको छ । उक्त उपन्यासका लेखक सागर गैरे हुन् । यस कृतिमा आफ्ना चौरासी वर्षका बा'लाई प्रमुख पात्रका रूपमा चयन गरी विगत समयमा भोगिएका कथाव्यथा र सङ्घर्षलाई प्रकाश पारिएको छ । बा'को अतीत जीवनको सङ्घर्ष र पाल्पाको इतिहास तथा बर्दियाका थारूहरूको सांस्कृतिक इतिहासलाई सूक्ष्म रूपमा प्रकाश पारिएको छ । बाबाहरू बाँचेको समयको अशिक्षा, गरिबी र प्रतिकूल जीवनको चित्रणका साथमा इतिहास चेतना प्रबल बनेर आएको देखिन्छ । तत्कालीन सामाजिक तथा आर्थिक अवस्था, आफ्नै दाजुभाइको हेलाहाँसो हुनुपर्ने अवस्था तथा बसाइँ सरेर जानुपर्दाको अवस्थालाई मार्मिक चित्रण गरिएको पाइन्छ । आजभन्दा आठ दशक अगाडिको ग्रामीण नेपाली समाजको तस्बिर उतार्नुका साथै अवसर र सम्भावना खोज्न पहाडबाट तराई झर्ने प्रवृत्तिलाई पनि स्वाभाविक रूपमा उठान गरिएको छ । बा'का पृष्ठभूमिबाट आठ दशकको नेपाली समाजको इतिहास लेख्ने काम लेखकले गरेको पाइन्छ । प्रस्तुत लेखमा पाश्चात्य साहित्य समालोचनामा अस्तित्वमा रहेको ऐतिहासिक समालोचकीय मान्यताका आधारमा सागर गैरेको मोहोर उपन्यास कृतिलाई विश्लेषण गर्ने काम गरिएको छ । इतिहाससम्बन्धी आधारभूत मान्यतालाई सैद्धान्तिक पर्याधारका रूपमा उठान गरी त्यसैका आधारमा शोध्य कृतिको विश्लेषण गरिएको छ । यस क्रममा मोहोर उपन्यास कृतिमा ऐतिहासिकताको प्रयोग कसरी भएको छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही प्रस्तुत उपन्यासलाई ऐतिहासिकताको सैद्धान्तिक पर्याधारका पृष्ठभूमिमा विश्लेषण गरी मूल्यनिरूपण गरिएको छ । प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । वर्णनात्मक तथा विवरणात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरिएको छ । प्रथम र द्वितीयक स्रोतका सामग्रीको उपयोग तथा ऐतिहासिकतासम्बन्धी अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा अवलम्बन गरी कृतिमा निहित ऐतिहासिक सन्दर्भहरूलाई खोजी गरी निष्कर्ष निकाल्ने काम यस लेखमा गरिएको छ ।*

**शब्दकुञ्जी** : अभिलेख, क्रमबद्धता, राजारजौटा, विच्छेद, शृङ्खलाबद्ध, सामन्तवाद ।

## विषयपरिचय

सागर गैरे पछिल्लो समयमा साहित्यमा सक्रिय रूपमा लागेका स्रष्टा हुन् । यिनी निबन्ध र आख्यान लेखनमा सक्रिय रहेको पाइन्छ । यिनका *लकडाउन* (२०७८) संस्मरण र *बलैगाउँदेखि बाकुसम्म* (२०७९) नियात्रा प्रकाशित छन् । समसामयिक जीवनका यथार्थलाई आधार बनाई विचारको प्रस्तुति गर्नु यिनको लेखकीय प्रवृत्ति हो । *मोहोर* उपन्यास यिनको तेस्रो कृति हो । गैरेको प्रस्तुत कृतिमा इतिहास तथा सामाजिक सांस्कृतिक विषयलाई समेटिएको पाइन्छ । एउटा सङ्घर्षशील र स्वाभिमानी कृषकको आत्मगाथाका रूपमा पनि

यस कृतिलाई लिन सकिन्छ । सामान्य जीवन बिताउँदै गर्दा पनि मानिस विभिन्न आयाममा बाँचेको हुन्छ भन्ने कुरा यस कृतिमा समेटिएको पाइन्छ । लेखकले आफ्नै बाबा घनश्याम गैरेलाई प्रमुख पात्रका रूपमा चयन गरी उनकै सङ्घर्ष र प्राप्तिलाई प्रस्तुत गरेको देखिन्छ । पाल्पाको बगनासकाली गाउँपालिकास्थित गरनडाँडामा जन्मेका घनश्याम गैरे एकचालीस वर्षसम्म पहाडी गाउँ गरनडाँडामा सङ्घर्षका साथ पसिना बगाई जीवन व्यतीत गरेको र त्यसपछिका चार दशक बर्दियाको ककौरामा बिताएको कुरालाई प्रमुख पात्र घनश्यामकै मुखबाट प्रकाश पारिएको छ । *मोहोर* उपन्यास २०८१ सालमा प्रकाशनमा आएको हो । उक्त कृतिमा प्रमुख पात्र घनश्यामको चौरासीबर्से जीवनमा भोगिएका सङ्घर्ष, पीडा र सफलतालाई चित्रण गरिएको पाइन्छ । तत्कालीन समयको सामाजिक अवस्था मूलतः किसानहरूको दिनचर्या र मनोवृत्तिलाई प्रस्तुत गरिएको छ । अशिक्षा र अन्धविश्वासबाट सिकार बनेको तत्कालीन नेपाली समाजको बिम्ब पनि यसमा उतारिएको पाइन्छ । प्रमुख पात्र घनश्यामको कथा प्रस्तुतिका क्रममा संस्मरणात्मकता र यात्राको झलक पनि प्रस्तुत गरिएको देखिन्छ । आरम्भ र अन्त्यका प्रसङ्गसहित सङ्चालीसवटा शीर्षकमा विषयलाई प्रस्तुत गरिएको देखिन्छ । उनको जीवन यात्रालाई हेर्दा पाल्पाको गरनडाँडामा बिताएको एकचालीस वर्षको अवधिलाई पूर्वार्द्ध र त्यसपछि बर्दियाको ककौरामा बिताएको त्रिचालीस वर्षको समयलाई उत्तरार्द्धका रूपमा लिन सकिन्छ ।

प्रस्तुत कृतिमा पाल्पा राज्यको इतिहास, गैरेहरूको वंशविकास तथा उपन्यासका प्रमुख पात्र घनश्याम गैरेको जीवनका विविध शृङ्खलाहरूलाई समेट्नुका साथै अतीतको उत्खननमा ज्यादा केन्द्रित रहेकाले ऐतिहासिकता सबल रूपमा आएको पाइन्छ । १९९० सालको भूकम्प, २०७२ सालको भूकम्प तथा त्यसपछिको कोभिड महामारी पनि इतिहास बनेको अवस्थामा इतिहासपरक अध्ययनबाट कृति सार्थक हुने देखिन्छ । हाम्रो इतिहासमा मुखिया, जिम्वाल प्रथा र सामन्ती चिन्तन कायम रहेको सन्दर्भलाई पनि उल्लेख गरिएको पाइन्छ । यसैगरी हाम्रो समाजको विकासको गतिलाई पनि छाम्ने काम गरिएको छ । राणा काल, पञ्चायत काल तथा लोकतान्त्रिक कालखण्डको झलक पनि कृतिमा पाउन सकिन्छ । यिनै कुराहरूलाई आधार मानी *मोहोर* उपन्यासमा इतिहास चेतना के कस्तो रूपमा प्रयोग भएको छ ? भन्ने प्राज्ञिक प्रश्न नै प्रस्तुत लेखको मूल समस्या हो । यही समस्यामा केन्द्रित रहेर शोध्य कृतिको पाठविश्लेषण गरी निष्कर्ष निकाल्ने काम यस लेखमा गरिएको छ । *मोहोर* कृतिमाथि ऐतिहासिकताका पक्षबाट अध्ययन नभएकाले उक्त प्राज्ञिक रिक्ततालाई पूर्णता दिनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । इतिहासपरक अध्ययनको परिचयात्मक सन्दर्भ उठाई शोध्य कृतिमा प्रस्तुत ऐतिहासिक चेतनाका सन्दर्भहरूलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ ।

## अध्ययनको विधि

सागर गैरेद्वारा लिखित *मोहोर* उपन्यासमा प्रस्तुत भएको इतिहास चेतनाको सन्दर्भलाई खोजी गरी विश्लेषण र मूल्याङ्कन गर्ने कार्यमा यो अध्ययन केन्द्रित रहेको छ । यस क्रममा गैरेको *मोहोर* (२०८१) उपन्यासलाई प्राथमिक स्रोतअन्तर्गतको आधार सामग्रीका रूपमा सङ्कलन गरिएको छ । ऐतिहासिक समालोचनाको सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयको उपयोग गरी द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई आधार बनाई पाठविश्लेषण विधिका आधारमा समस्याको सम्यक समाधानको खोजी गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । यो अनुसन्धान गुणात्मक र विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

## सैद्धान्तिक पर्याधार

इतिहास भनेको वर्तमानभन्दा अगाडिको समय हो । उक्त समयमा केन्द्रित रही समाजका विविध पक्षको अध्ययन गर्ने काम यसमा हुन्छ । मानव सभ्यताको अतीतलाई बुझ्न र अध्ययन गर्न इतिहासलाई आधार बनाइन्छ । विगतमा भएका घटना, तथ्य तथा परिवेशसम्म पुग्नका लागि इतिकासको सहारा लिनुपर्ने हुन्छ । इतिहास भनेको वर्तमानमा उभिएर विगतको सर्वेक्षण गर्नु हो । पूर्व र पश्चिममा इतिहासलाई हेर्ने आफ्नै मान्यता रहेको पाइन्छ । इतिहासलाई तिथिमिति र घटनाक्रम मात्र नभई सामाजिक, राजनीतिक, सांस्कृतिक पृष्ठभूमिबाट आम मानिसको जीवन प्रस्तुति मानिएको पाइन्छ । पाश्चात्य चिन्तनमा पनि इतिहाससम्बन्धी विविध मान्यता देखिन्छन् । "इतिहासमा राजनैतिक विषयवस्तुलाई मात्र समाविष्ट गरी कथावाचन गर्ने शैली लोकप्रिय छँदै थियो, १९ औँ शताब्दीको मध्यतिर इतिहासमा संस्कृति र समाजको चित्रण हुनुपर्छ भन्ने आग्रहका साथ समाजशास्त्रीय मान्यता स्थापित भयो" (श्रेष्ठ, २०५९, पृ. १५) । इतिहासको अध्ययन व्यापक क्षेत्रमा केन्द्रित रहेको देखिन्छ । साहित्यको विगत अवस्था र कालखण्डलाई पहिचान गर्न इतिहासकै सहयोग लिनुपर्दछ । लेखकले इतिहास केन्द्रित दृष्टिकोणका साथमा कृतिको रचना गरेको पाइन्छ । "यसले सामाजिक आर्थिक आदि अवस्थाको मात्र अध्ययन नगरी लेखकको वैयक्तिक जीवनका घटनाहरूको पनि अध्ययन गर्दछ र त्यसलाई विश्लेषणको आधार बनाउँछ । ऐतिहासिक अध्ययनबिना पुराना साहित्यकार र साहित्यिक कृतिको उचित पहिचान गर्न सकिँदैन" (पौड्याल, २०७०, पृ. ६८) । अतीत समयमा घटेका घटना तथा समाजको सामाजिक आर्थिक अवस्था, समयको गति आदिका आधारमा कृतिको विश्लेषण गर्ने काम गरिन्छ । "ऐतिहासिक अध्ययनले कुनै कालविशेषको समाज, दर्शन, अर्थव्यवस्था, जीवन-पद्धति, परम्परा, रूढि, शिक्षा आदिका पृष्ठभूमिमै त्यस युगमा रचित साहित्यको अध्ययन विश्लेषण गर्ने काम गर्दछ" (भारद्वाज, सन् १९९४, पृ. २१९) । वर्तमानमा उभिएर अतीतलाई नियाल्ने हुनाले यस प्रकारको अध्ययनले आधिकारिक तथ्य, अभिलेख र प्रतिलिपिलाई आधार बनाउँछ । इतिहास र संस्कृतिको निरन्तरता नै समाजको गति मान्न सकिन्छ । "समाजको अध्ययन समयका सापेक्षमा हुँदा इतिहास जोडिन पुग्दछ । विश्वको संस्कृति विभिन्न समय र सन्दर्भमा केही निरन्तरता र केही विच्छेद भएको स्थितिमा देखा पर्दछ । परापूर्व कालदेखि विकसित र निरन्तर बन्दै आएको र केही विच्छेद पनि हुँदै आएको देखिन्छ" (सुवेदी, २०६८, पृ. ७४) । समय क्रममा भएका भौतिक, सामाजिक आदि पक्षको अध्ययनमा इतिहास केन्द्रित रहेको हुन्छ । समाजको विकासको अवस्थालाई इतिहासको सापेक्षबाट हेर्न सकिन्छ । यस प्रक्रियामा पूर्व अवस्था भत्किन गई नयाँ चरणमा प्रवेश गरेको स्थिति पनि पाइन्छ । हिजोका तुलनामा आजलाई हेर्दा परिवर्तित र विघटित स्वरूप देख्न सकिन्छ । यसलाई पहिचान गर्न इतिहासको सहयोग लिनु आवश्यक देखिन्छ ।

मानिस सामाजिक प्राणी भएकाले सामाजिक सांस्कृतिक मूल्यलाई आफ्नो विशेष पहिचान बनाएको पाइन्छ । हिमाल, पहाड तथा तराई मानिस जहाँ बसे पनि स्थानीय परिवेशअनुकूल व्यवहार सम्पादन गर्दछ । यस क्रममा विभिन्न सङ्घर्ष र प्रतिकूलता झेल्दै अगाडि बढ्दछ । यस प्रकृतिको लेखन साहित्यमा हुँदा ऐतिहासिक शृङ्खला र विकासलाई आधार बनाइएको पाइन्छ । "कुनै पनि कृतित्व र व्यक्तित्वको विवेचनाका लागि समकालीन इतिहास र युग प्रवृत्तिको अध्ययन आवश्यक हुन्छ, किनभने कृतिमा त्यस समयको बिम्ब प्रतिबिम्बित हुन्छ" ( थापा, २०५०, पृ. २१९) । ऐतिहासिक अध्ययनमा युगविशेष भएको विकास वा परिवर्तनको अध्ययन पनि समेटिएको हुन्छ । इतिहासको निरन्तरताकै आधारमा भाषा, कला र संस्कृतिको विकास सम्भव देखिन्छ । आजको समाजको विकास हुनका लागि हिजोका पुस्ताले लामो सङ्घर्ष र प्रतिकूलतालाई सहेको अवस्था स्पष्ट

हुन्छ । ऐतिहासिक अध्ययनमा समयक्रममा देखिएका उतार-चढावको अध्ययन हुने हुनाले यसमा तुलनात्मकताको धर्म पनि पाइन्छ ।

समाजको विकास प्रक्रियामा सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिकजस्ता विभिन्न आयामहरू जोडिएका हुन्छन् । "जनजीवनको अहिलेको स्वरूप र शैलीलाई हेर्दा परापूर्व कालदेखि नै समाजले निर्धारण गरेका व्यवहारको मापदण्ड वा आचारसंहिताको बाटोमा जीवन हिँडिरहेको अवस्था देखिन्छ" (कक्षपती, २०७८, पृ. २२) । नेपालको सामाजिक तथा राजनीतिक परिवर्तनलाई हेर्दा खास कालखण्डमा पुरातनवादी रूढ सामाजिक मान्यताहरू कायम रहेको देख्न सकिन्छ । राणाकालीन तथा पञ्चायतकालीन निरङ्कुश शासन व्यवस्थासँगै सामाजिक मान्यता र चेतना प्रभावित भएको पाइन्छ । "पूर्वआधुनिक संस्कृति राजा र रजौटावरिपरि मौलाएको सामन्तवादी संरचनामा आधारित थियो । आधुनिक संस्कृतिले सामन्तवादविरुद्ध सङ्घर्ष गर्दै जनताको शासन वा प्रजातन्त्रको अवधारणालाई अगाडि सा-यो" (उप्रेती, २०६८, पृ. ७०) । इतिहासको क्रमबद्धतामै समाजको विकास प्रगतिशील बाटोमा अगाडि बढेको देखिन्छ । एउटा व्यक्तिले बाँचेका अतीतकेन्द्री घटना र विषयलाई पनि इतिहासका सापेक्षमा अध्ययन गर्न सकिन्छ । वर्तमानभन्दा अगाडिको समय इतिहास भइसक्ने हुनाले विगतका कथाव्यथा र घटना शृङ्खलाहरूलाई ऐतिहासिकताका आधारमा अध्ययन गर्नु उपयुक्त मानिन्छ । अतीतकेन्द्री विषय र घटनाहरू समेटिएको कृतिलाई ऐतिहासिक सुझका साथमा विश्लेषण गर्नु सान्दर्भिक मानिन्छ । विश्लेष्य कृतिलाई इतिहास चेतनाका साथमा अध्ययन गर्ने काम गरिएको छ ।

## इतिहास चेतनाका आधारमा *मोहोर* उपन्यासको विश्लेषण

सागर गैरेद्वारा लिखित *मोहोर* उपन्यास (२०८१) लेखक सागर गैरेका बाबा घनश्यामको जीवन कथालाई आख्यानीकरण गरी लेखिएको कृति हो । बाबा घनश्याम गैरेले भोगेको आठ दशकभन्दा बढीको समयलाई यस कृतिमा प्रतिबिम्बित गराइएको पाइन्छ । प्रमुख पात्रले भोगेको सङ्घर्षशील र स्वाभिमानी अतीतलाई शृङ्खलाबद्ध रूपमा प्रकाश पार्ने काम गरिएकाले पनि यस कृतिमा इतिहास चेतना प्रबल बनेर आएको पाइन्छ । राणा कालदेखि गणतन्त्रकाल (२०८१) सम्मका सामाजिक, सांस्कृतिक तथा आर्थिक परिदृश्यहरू कृतिमा समेटिन आएको देखिन्छ । एक हिसाबले आठ दशकभन्दा बढीको नेपाली समाजको सर्वेक्षणका रूपमा पनि यस कृतिलाई लिन सकिन्छ । विश्वास तथा अन्धविश्वासमा आधारित समाज र व्यक्तिका मान्याताहरू पनि प्रतिबिम्बित भएको पाइन्छ । कृतिकारले आफ्ना बुबा घनश्यामलाई प्रमुख पात्र बनाई उनकै माध्यमबाट तत्कालीन नेपाली किसानले भोगेका इतिवृतात्मक घटनालाई समेटेको देख्न सकिन्छ । पाल्पाको बगनासकाली गाउँपालिकामा पर्ने गरनडाँडा गाउँमा जन्मेका घनश्याम गैरेको वास्तविक कथालाई उन्ने काम प्रस्तुत कृतिमा भएको देख्न सकिन्छ । यसका साथै त्यस समयमा बाँचेका धेरैका बाबाहरूको साझा कथा पनि प्रतिबिम्बित भएर आएको देखिन्छ । आजसम्मको इतिहासलाई हेर्दा ठुलाबडा र शासकहरूको मात्र इतिहास लेखिएको पाइन्छ । यसैगरी विजेता र राजामहाराजाहरूलाई आधार बनाएर इतिहास लेखिएको पाइन्छ । राजनीतिक घटनाक्रम तथा युद्ध र हार जीतका विषयमा लेखिएको इतिहास पढ्दै आएको अवस्था छ । यस कृतिमा सामान्य कृषि पेसालाई जीवन बाँच्ने आधार बनाएर छोराछोरीहरूको लालनपालन र शिक्षादीक्षाका लागि समर्पित एउटा बाबुको जीवनका उतार-चढावलाई मुख्य विषय बनाएर उपन्यास लेखिएको देखिन्छ । गरनडाँडामा एकचालीस वर्ष गरेको सङ्घर्षलाई प्रकाश पार्ने क्रममा पाल्पाको इतिहास, संस्कृति, सामाजिक अवस्थाका साथै मानवीय आस्थालाई प्रकाश पारिएको छ । पहाडको जीवनशैली, कृषि कर्मसँग जोडिएका प्रतिकूलतासँगै भुइँमान्छेका भोगाइलाई महत्त्व दिइएको पाइन्छ । बाबाले बिताएको बाल्यकाल, पितापुर्खाको पाल्पामा आगमन र यस क्षेत्रमा फैलिँदै

गएको अवस्था, जन्म गाउँको भूगोल, प्रकृति र चेतनास्तर जस्ता कुराहरू पनि समेटिन आएको पाइन्छ । तत्कालीन मान्यता, सामाजिक रीतिथिति, चालचलन र व्यवहारहरूको झलक पनि उपन्यासमा पाउन सकिन्छ । कृति पढ्दै जाँदा नेपालका गाउँहरूको वास्तविक चित्र उतारिएको छ । खेतीपाती र किसानी कर्ममा लागेका मानिसले भोगेको दुःख, कष्ट र सङ्घर्षलाई सजीव रूपमा उतार्ने काम गरिएको छ । प्रमुख पात्र घनश्यामको अतीतलाई प्रकाश पार्ने क्रममा इतिहासको सर्वेक्षण गरिएको देख्न सकिन्छ । तत्कालीन समयमा बाटो, सडक, खानेपानी, कुटानी-पिसानी, ढिकीजाँतो, घाँसपात, मेलापर्म आदिको यथार्थ झलक पनि उतारिएको पाइन्छ । एउटा मानिसको जीवनको विभिन्न मोडहरूलाई प्रस्तुत गरी समकालीन नेपाली समाजको मनोवृत्ति र चिन्तनलाई पनि विश्लेषण गरिएको पाइन्छ । बासँगै त्यस समयका परिघटना र मान्यताहरू मुखरित भएर आएकाले समाजको विकासको गतिलाई पनि अध्ययन गर्न सकिन्छ ।

लेखक सागर गैरेले स्वयंका पितालाईप्रमुख पात्रका रूपमा उभ्याउँदा आमा लगायत स्वयं लेखक र भाइबहिनीहरू पनि समेटिन पुगेको पाइन्छ । खास पात्र र तिनका चरित्रलाई पनि सान्दर्भिक रूपमा प्रकाश पारिएको छ । पहाडी गाउँ पाल्पाको गरनडाँडा र बसाइ सरेपछिको बर्दियाको ककौरा गाउँको समाज अनि प्रमुख पात्र घनश्याम गैरेसँग ठोकिन आएका व्यक्तिहरू पनि पात्रका रूपमा उपस्थित भएको देख्न सकिन्छ । बा पात्रलाई वक्ताका रूपमा उपस्थित गराई जन्मपूर्वको पारिवारिक, सामाजिक अवस्था तथा जन्मदेखि आठ दशक बढीको समयलाई नियाल्ने काम गरिएकाले यस कृतिमा ऐतिहासिकता प्रबल बनेर आएको पाइन्छ । मुखिया खलकसँगको विगतलाई सङ्केत गरी समयक्रममा बितेर जाने नश्वर जीवनको झलकलाई इतिहास चेतनाका साथमा यसरी प्रस्तुत गरिएको छ :

> मुखियाका सात भाइ छोरा पनि अब छैनन्, सबै बितिसके । कटहरको रुख पनि ढालियो । ती सबै इतिहास भए । सबैलाई थाहा छ कि हरेक वर्तमान इतिहास बन्छ । इतिहास बन्नु अन्त्य होइन, तर इतिहास वर्तमान फेरि कहिल्यै बन्न सक्दैन । त्यसैले मानिसहरू वर्तमानमा उभिएर इतिहासलाई अन्त्य भएको घोषणा गर्छन् । (गैरे, पृ. १९९)

माथिको अंशमा इतिहासप्रतिको लेखकीय सुझ र मर्मको अभिव्यक्ति भएको छ । उपन्यासका प्रमुख पात्र घनश्यामसँग जोडिएका सन्दर्भ र वस्तुहरू, कर्म संस्कृति र मूल्यहरूलाई यथोचित रूपमा उल्लेख गरिएको छ । प्रमुख पात्र घनश्यामले भोगेका कथाव्यथालाई मूल कथावस्तु बनाइएकोले यस कृतिको केन्द्र भागमा लेखकका बुबा घनश्याम गैरे रहेको पाइन्छ । कथालाई विन्यास गर्ने क्रममा विभिन्न शीर्षकहरू दिई सन्दर्भलाई जोड्दै अगाडि बढेको पाइन्छ । पहाडी संस्कृति र मधेसी संस्कृतिलाई पनि महत्त्वका साथ उठाउने काम गरिएको पाइन्छ । लोक कथाका प्रसङ्गहरू तथा उखान टुक्काको प्रयोगले अभिव्यक्तिमा आकर्षण थपेको देखिन्छ । चामलको कथाले इतिहास र संस्कृतिलाई प्रतिबिम्बित गरेको पाइन्छ । घनश्यामको समग्र जीवनका आयामलाई समेट्ने क्रममा नेपालको भूगोल, समाजको संरचना, संस्कृति, पारिवारिक जिम्मेवारी र कर्मप्रतिको आस्था मुखरित भएको पाइन्छ । उपन्यास पढ्दै जाँदा कतै यात्राको झलक त कतै संस्मरणात्मक शैलीको प्रगोग भएको पाइन्छ । लेखकका पिता घनश्यामको कथा प्रस्तुतिलाई जीवन्त बनाउन लेखक तथा अन्य सदस्यका जिज्ञासायुक्त प्रश्नहरूले विशेष अर्थ राखेको पाइन्छ । लेखकले जोडेका प्रसङ्गहरूले विषयलाई पुष्टि गर्दै अगाडि बढेको देख्न सकिन्छ । घनश्याम गैरे बाँचेको समयको तथ्यपरक सर्वेक्षण गर्ने प्रयास गरिए तापनि कल्पना र भावनासमेत प्रसस्त रूपमा सल्बलाएको पाइन्छ । घनश्यामको अतीत जीवनलाई उत्खनन गरिएकाले यस कृतिमा ऐतिहासिक प्रवृत्ति नै प्रबल बनेको पाइन्छ । यस कृतिलाई ऐतिहासिक चेतनाका आधारमा अध्ययन गर्ने

प्रसस्त आधारहरू रहेका छन् । प्रमुख पात्र स्वयंमा इतिहास बनेको परिप्रेक्ष्य अनि प्रमुख उनले भोगेको अतीत आजका आँखाबाट हेर्दा साक्षात् इतिहास बनेको अवस्था रहेको देखिन्छ । प्रमुख पात्रका दृष्टिमा हजुरबाको हुलिया यसरी प्रस्तुत भएको पाइन्छ :

> हजुरबा गोरो गोरो हुनुहुन्थ्यो । पातलो ज्यानका अग्लो कदकाँटी भएको । उहाँ सधैँ काममा दत्तचित्त भएर लाग्नुहुन्थ्यो । उहाँको काँध प्रायः खाली हुँदैनथ्यो । त्यो काँधमा कि त म हुन्थेँ कि कुनै भारी हुन्थ्यो । हजुरबाका लागि साँबाभन्दा व्याजको माया भनेजस्तै बहुमूल्य थिएँ म । उहाँलाई मेरो निकै चिन्ता थियो ! उमेर नपुगी छोराबुहारी मरे । छोराबुहारीको नासो थिएँ म हजुबाका निम्ति । (गैरे, पृ. ३१)

हिजोको समयमा कामलाई नै महत्त्व दिई तल्लीन रहने प्रचलनको झलक अनि पारिवारिक माया ममता र सद्भावको पाटो समेटिएको पाइन्छ । यसका साथै पाल्पाको इतिहास, राजनीति, संसकृति, बर्दियाका थारुहरूको इतिहास, संस्कृति र जातीय अवस्थालाई सन्दर्भअनुकूल प्रकाश पारिएकाले इतिहास चेतना मुखरित भएको पाइन्छ । यस कृतिमा आएका केही प्रसङ्गहरू वर्तमानका पुस्तालाई नयाँ र कौतुहल जगाउने खालका छन् । पाल्पाको ऐतिहासिकतालाई झल्काउनुका साथै तत्कालीन समयमा तोडाको प्रचलन रहेको कुरालाई यसरी उल्लेख गरिएको छ :

> राणाकालमा तानसेन पश्चिम क्षेत्रको प्रशासनिक केन्द्र थियो । राणाहरूले काठमाडौँपछि तानसेनलाई निकै महत्त्व दिएका थिए । त्यसैले पाल्पा तानसेनलाई पश्चिम गौँडा भनिन्थ्यो । पश्चिमी क्षेत्रको सम्पूर्ण कारोबार यहीँबाट हुन्थ्यो । छालाको थैलोमा चाँदीका पैसा हालेर सम्बन्धित ठाउँमा पुऱ्याउनुपर्थ्यो । यसरी पैसा राखिने छालाको थैलोलाई तोडा भनिन्थ्यो । एउटा तोडामा एक हजारवटा चाँदीका डबल मोहोर हुन्थे । (गैरे, पृ. २४)

प्रस्तुत कृतिको शीर्षक मोहोर राखिएको छ । आज मोहोर आफैमा इतिहास भैसकेको छ । घनश्यामको समयमा प्रमुख कारोबारको मुद्रा मोहोर नै रहेको सन्दर्भ कृतिमा उल्लेख भएको पाइन्छ । तोडा लगायतका वस्तु र कर्म पद्धति पनि आज इतिहासमा मात्र सीमित भएको अवस्था छ । अहिले तोडा देख्न सकिँदैन तर त्यसको प्रयोगको समयलाई कृतिमा झल्काइएको छ । प्रस्तुत कृतिमा ऐतिहासिकतालाई झल्काउने थप प्रमुख आधारहरू निम्न रहेका छन् :

## राजनीतिक झलक

प्रस्तुत कृतिमा राजनीतिको प्रत्यक्ष प्रस्तुति देखिँदैन तर समय चेतना र सामाजिक मूल्यहरूको प्रस्तुतिका क्रममा राजनीतिक शासन व्यवस्था र त्यसको प्रभावलाई प्रस्तुत गरिएको पाइन्छ । मानिसको जीवनलाई राजनीतिले गहिरो प्रभाव पारेको हुन्छ । शासन व्यवस्था र त्यसको चिन्तनले नागरिकहरू प्रत्यक्ष प्रभावित हुन्छन् । यस कृतिका प्रमुख पात्र घनश्यामले गरेको सङ्घर्षसँगै घटनाको विकासका क्रममा राणा शासकाल, पञ्चायती व्यवस्था, प्रजातन्त्र प्राप्ति, दसबर्से सशस्त्र सङ्घर्ष र संघीय गणतान्त्रिक व्यवस्थाका छापहरू देख्न सकिन्छ । राणा शासनकालमा बाबुबाजेले भोगेका पीडा र प्रतिकूल परिस्थितिलाई झल्काइएको पाइन्छ । मुखिया तथा जिम्वालहरूको दम्भ र प्रभावलाई यसरी प्रकाश पारिएको छ :

> ढुण्डीराज हजुरबाको घरमा पनि बाह्रै महिना काम गरिदिने मान्छे हुन्थे । बडेमानको घुमाउने घर थियो । करिब एक कठ्ठा जग्गा त त्यही घरले चर्चेको थियो ।

जिम्वाल मुखियाहरूका रोपाइँमा बाजा बजाएर खेत रोप्ने चलन थियो । सबै गाउँले मिलेर उनीहरूको खेतमा निःशुल्क काम गरिदिनुपर्थ्यो । यो एक किसिमको सामाजिक चलन नै थियो । (गैरे, पृ. २५)

कृतिको अध्ययनबाट समाजमा झारा, पर्म, ओलक, नजराना आदि रीति कायम रहेको कुरा थाहा पाइन्छ । मुखिया जिम्वालहरूको हैकम चल्ने त्यस समयमा निरीह जनताले आदेश पालना गर्नुको विकल्प नरहेको मर्म व्यक्त भएको पाइन्छ । पञ्चायती कालखण्डमा शिक्षाप्रतिको जनजागरण, सामाजिक अनुशासन, प्रधानपञ्चका अह्रन-खटन र प्रभावलाई सान्दर्भिक रूपमा प्रकाश पारिएको पाइन्छ । २०४६ सालको स्वतन्त्रता प्राप्तिसँगै जनताहरू राजनीतक रूपमा विभाजित भएको र फरक विचार राख्नेहरूका घरमा मर्दापर्दा समेत जान छाडेको प्रवृत्तिलाई यसरी प्रकाश पारिएको छ :

> २०४६ सालाको राजनीतिक परिवर्तनले सिङ्गै गाउँ राजनीतिक विचारका आधारमा विभाजित भयो । गाउँका कुनै घरका छानोमा हँसिया हथौडाका झन्डा टाँगिए । कुनै घरमा चारतारे झन्डा टाँगिए । ....हेर्दाहेर्दै एकले अर्कामा पानी बाराबारको स्थिति आयो । कम्युनिस्टका छोरालाई काङ्ग्रेसले छोरी नदिने, काङ्ग्रेसले कम्युनिस्टका छोरी नल्याउनेसम्मको कुरीति समाजमा भित्रियो । आर्थिक लेनदेन आवत-जावतसमेत बन्द भयो । हुँदाहुँदा आपसी बोलचालसमेत बन्द हुँदै गयो । (गैरे, पृ.२०८)

यस प्रवृत्तिको सिकार प्रमुख पात्र स्वयं घनश्याम पनि बनेको सन्दर्भलाई उठान गरिएको छ । आफूले श्राद्ध गर्दाको तितो अनुभूतिलाई दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ । फरक विचार राखेकै कारण सधैं पूजाआजा गराउने पण्डितसमेत श्राद्ध गराउन नआएको कुरालाई सान्दर्भिक रूपमा प्रकाश पीरिएको पाइन्छ । पछिल्लो समयमा राजनीतिका कारण हुने सङ्कीर्णताहरू क्रमशः हट्दै गएको कुरालाई पनि उल्लेख गरिएको पाइन्छ ।

**पुर्खाहरूको आगमनमा इतिहासको झलक**

इतिहासलाई हेर्दा नेपालको पश्चिम भूभागबाट मूलतः ब्राह्मण क्षेत्रीहरू पूर्वतिर फैलिएको चर्चा पाइन्छ । जुम्लाको सिँजा क्षेत्रमा लामो समय बिताउने क्रममा नेपाली भाषाको विकास पनि भएको कुरा इतिहासमा उल्लेख गरिएको छ । “बन्द व्यापार र नयाँ ठाउँमा बसाइँ सर्ने ध्याउन्नमा जुम्लाबाट केही मानिसहरू पूर्वतिर लागेछन् । पूर्व लागेका बाहुनक्षेत्रीहरू विभिन्न ठाउँमा छरिएर बस्न थाले । उनीहरू जुम्लाका जुन गाउँठाउँबाट आएका थिए उनीहरूको थर त्यही गाउँको नामबाट रहेको विश्वास गरिन्छ” (गैरे, २०८१, पृ. ११) । जुन ठाउँबाट पुर्खाहरू आए त्यही आधारमा उनीहरूको थर कायम भएको कुराका साथमा गैराबारीबाट आएको हुनाले आफूहरू गैरे भएको ऐतिहासिक सन्दर्भलाई जोडिएको पाइन्छ । यस उपन्यासमा गैरेहरूको उद्‌गम स्थल तथा विभिन्न हाँगाहरू फैलिँदै गएको अवस्थालाई प्रकाश पार्ने काम गरिएको पाइन्छ । वर्षौंवर्षदेखि फैलिँदै आएको अवस्थाको उल्लेख गर्ने क्रममा ऐतिहासिकता मुखरित भएको स्पष्ट हुन्छ । गैरेहरू जुम्ला र दैलेख क्षेत्रबाट विस्तारित हुँदै पाल्पाको बगनासकाली गाउँपालिकाको कल्लाबारीमा आएको र त्यहाँबाट गुल्मी, पाल्पाका विभिन्न भाग, स्याङ्जा लगायतका क्षेत्रमा फैलिँदै गएको कुरा प्रकाश पारिएको छ । “कति पिँढीअघि उनीहरूले दैलेख छाडेका थिए, त्यो कुरा हजुरबाले पनि भन्न सक्नुभएन । गास, बास र कपासको खोजीमा पूर्व हिँडेका गैराबासी कल्लाबारीमा सुन्दर पाखो भेटेपछि त्यहीँ बस्ने निधो गरेछन्” (गैरे, २०८१, पृ. १२) । गैरेहरू सर्वप्रथम कल्लाबारीमा आएर बसोबास गरेको कुरालाई समेत प्रकाश पारिएको छ । कल्लाबारीमा आएपछि गैरेहरू यत्रतत्र फैलिएको सन्दर्भलाई उल्लेख गरिएको छ । कल्लाबारीबाट गरनडाँडा गएका पुर्खाको नालीबेलीका साथमा घनश्याम गैरेको चौरासी वर्षको कालखण्डका घटनाक्रम र सङ्घर्षलाई प्रस्तुत गरिएको पाइन्छ । गैरेका पुर्खाहरू आउने क्रममा आफ्ना संस्कार र मान्यताहरू पनि साथमा लिएर आएको सन्दर्भ

उल्लेख गरिएको छ । मानिस जहाँ गए पनि आफ्नो कुल धर्मलाई बचाउँछ भन्ने कुराको सन्दर्भलाई यसरी जोडिएको पाइन्छ :

हाम्रा पुर्खाहरूले आफ्नो संस्कृति रक्षाका लागि गैरागाउँबाट देवाली (कुल) बोकेर ल्याएका रहेछन् । उनीहरूले आफ्नो कुलदेवताका रूपमा युद्धमा आफ्ना पुर्खाले प्रयोग गरेका हतियार, युद्धमा लगाउने फलामका जालीदार टोपी, भोटो साथमै ल्याएका रहेछन् । त्यही बस्तुलाई उनीहरूले कुलायन देवालीका रूपमा पूजागर्न थालेछन् (गैरे, पृ. १२) ।

कुल परम्परा र धर्मलाई आफूहरूले मानिआएको सन्दर्भका साथमा आस्थाभाव व्यक्त भएको पाइन्छ । आजसम्म ती बस्तुहरू कुल पूजामा प्रयोग हुँदै आएको कुरा पनि सन्दर्भअनुकूल उल्लेख गरिएको छ । सात सय बौनासमा गैरे वंशले पाएको मुखिया, जिम्वाल लगायतका मानसम्मानको सन्दर्भलाई उठाउने क्रममा इतिहास चेतना प्रबल बनेर आएको देखिन्छ । प्रमुख पात्र घनश्यामका कान्छा हजुरबा सातसय बौनासको मुखिया भएकाले पनि त्यस परिवारलाई मुखिया खलक भन्ने गरेको कुरा सन्दर्भअनुकूल आएको पाइन्छ ।

जहाँ पनि टाठोबाठो नै अगुवा हुने त हो नि ! ढुण्डी हजुरबा पनि गाउँमा अलिअलि पढेलेखेको र टाठोबाठोमा गनिनुहुन्थ्यो ! उहाँ गाउँको चर्तापुर्जा मानिस हुनुहुन्थ्यो ! धार्मिक, सामाजिक र राजनीतिक धेरै कुरामा चासो राख्ने उहाँको स्वभाव थियो । जिल्लामै उहाँको पहुँच थियो । त्यसैले उहाँ आफ्नो बसोबास रहेको सात सय बगनासको मुखिया छानिनुभएको थियो । (गैरै, पृ. २२)

ढुण्डीराज मुखियाको प्रसङ्गसँगै गैरेहरूको पहुँच र प्रभावका कुराहरू समेटिन आएको पाइन्छ । प्रस्तुत कृतिमा मूलतः गैरेहरूका पुर्खाको गौरव तथा कीर्तिलाई प्रकाश पार्ने काम पनि गरिएको पाइन्छ । पूर्वजहरूले गरेको सङ्घर्ष तथा प्राप्त उपलब्धिलाई सन्दर्भअनुकूल प्रकाश पार्ने काम गरिएकाले इतिहास चेतना सबल बनेर आएको देखिन्छ ।

## सामाजिक सांस्कृतिक झलक

व्यक्तिव्यक्ति मिलेर नै समाज बनेको हुन्छ । व्यक्तिको शिक्षा, चेतना, मनोवृत्ति र मान्यताबाट समाज प्रभावित रहेको हुन्छ । आजको अवस्थालाई हेर्दा नेपाली समाजमा ठुलो परिवर्तन आएको देख्न सकिन्छ तर यस कृतिका प्रमुख पात्र घनश्यामले भोगेको समाज र व्यक्तिका व्यवहार तथा चिन्तनलाई हेर्दा तत्कालीन समाजमा रूढि र अन्धविश्वासले जरा गाडेको देख्न सकिन्छ । परम्परादेखि नै समाजमा चाडपर्व र संस्कार तथा संस्कृतिको झलक पनि उपन्यासमा व्यक्त भएको पाइन्छ । समाज संस्कृतिकै वाहक भएको कुरा कृतिमा व्यापक रूपमा प्रकाश पारिएको पाइन्छ । तिनै कुराहरू व्यक्तिको आदतका रूपमा रहेको कुरा उपन्यासका प्रमुख पात्र घनश्यामद्वारा उल्लेख भएको पाइन्छ । दसैं संस्कृतिको तत्कालीन परिवेश र प्रकृतिलाई यसरी प्रस्तुत गरिएको छ :

दशैं आउनु हप्ता-दस दिनअघि नै गाउँका तन्नेरीहरूले खरबारीबाट बाबियो काटेर ल्याउँथे । त्यतिबेला बडाबडा खरबारी हुन्थे । गाईबस्तुको घाँसका लागि त्यही खरबारीमा खर काट्थे । पिङका लागि राम्रो बाबियो साँचेर राख्थे । अग्ला रूखको बलियो तेर्सो हाँगा जुन बाटोतिर फर्किएको हुन्थ्यो त्यसैमा पिङ हालिन्थ्यो । पिङ्मा बिहानदेखि अबेर साँझसम्म पनि केटाकेटी र महिलाहरू झुम्मिएका हुन्थे । (गैरै, पृ. ८७)

तत्कालीन समयमा मनोरञ्जनका साधनको अभावले गर्दा पनि पिङप्रतिको आकर्षण रहेको स्पष्ट हुन्छ । सबै मानिस कृषिमै रमाएको र त्यहीअनुसारका चालचलन र मान्यता कायम रहेको अवस्था देखिन्छ । अहिले गाउँ तथा सहरमा दसैं लगायतका पर्व र संस्कृतिमा परिवर्तन आएको अवस्था देख्न सकिन्छ । कृषि संस्कृतिमा

आधारित पर्व संस्कृति र मान्यता रहेको सन्दर्भलाई प्रकाश पारिएको छ । आफ्नै छिमेकी तथा भाइ बन्धुका व्यवहारले गर्दा बसाइँ सर्नुपरेको कुरा कृतिमा व्यक्त गरिएको छ । विभिन्न झुटा मुद्दामा फसाएर अनाहकमा दुःख दिने मनोवृत्ति, जग्गा बेचेपछि समयमा पैसा नपाउनुको पीडा, बसाइँ सरेर जाँदा कम्तीमा सहानुभूतिसम्म देखाउन नआउने आफन्तहरूको मनोवृत्ति जस्ता कुराले तत्कालीन समाजको यथार्थ चित्र उतारेको पाइन्छ । बाल विवाह तथा अनमेल विवाहले निम्त्याएका समस्यालाई पनि साङ्केतिक रूपमा उल्लेख गरिएको छ । बाल विधवा बनेर जिन्दगी बिताउन विवश नारीहरूको अवस्थालाई पनि झल्काइएको पाइन्छ । यसको उदाहरण प्रमुख पात्र घनश्यामकै कान्छीआमालाई हेर्न सकिन्छ ।

> उहाँको मेरा बासँगै बिहे भयो । बिहे भएको एक वर्षमै उहाँको कोखबाट एक सन्तानको जन्म भयो तर जन्मिँदै मरेको बच्चा । त्यसपछि कान्छीआमाबाट कुनै बच्चा भएनन् ।
>
> बिहे गरेको चार वर्षमै बा बित्नुभयो । कान्छीआमा १८-१९ वर्षमै विधवा हुनुभयो । कहिलेकसो सोच्छु, यो दैव भन्ने चिज पनि कति निष्ठुर बन्न सक्छ । (गैरे, पृ. २३३)

कान्छी आमाको जीवन प्रतिकूलता भोग्नकै लागि रहेको मर्म व्यक्त गरिएको छ । अज्ञात रूपमा विवाह हुनु अनि अन्जान अवस्थामै वैधव्यको नियति भोग्न विवश व्यक्तिको अवस्थालाई उल्लेख गरिएको छ । कृति पढ्दै जाँदा नेपाली समाजको जर्जर अवस्थाको झलक प्रस्तुत भएको छ । आजको समयबाट हेर्दा नेपाली समाजमा ठुलो परिवर्तन आएको अनुभूति पाठकले गर्दछ । प्रमुख पात्र घनश्यामले भोगेका पछिल्लो समयमा घटनाक्रम र सामाजिक विकासको साक्षी स्वयं लेखक पनि रहेको पाइन्छ । उपन्यासमा हामीहरूका बाबा पुस्ताले भोगेको प्रतिकूल जीवनको यथार्थ तस्बिर उतार्ने काम लेखकले गरेको पाइन्छ । पहाडको सामाजिक सांस्कृतिक संरचना अनि तराईको सामाजिक सांस्कृतिक संरचनालाई झल्काई एक प्रकारले सामाजिक इतिहास लेख्ने काम पनि गरिएको देखिन्छ । मुखिया, जिम्वाल, कटवाली, सामाजिक रीतिथिति, ढिकीजाँतो, पानीपँधेरो, गोबरसोत्तर आदि कुराको सान्दर्भिक प्रस्तुति उपन्यासमा पाइन्छ । तत्कालीन समयमा जहान तथा केटाकेटी पाल्नका लागि मेसिन झैँ काममा जोतिनुपर्ने किसानहरूको वास्तविक नियतिलाई अभिलिखित गर्ने काम गरिएको पाइन्छ ।

## विपत्ति र त्रासदी

प्रस्तुत कृतिका प्रमुख पात्र घनश्यामको जीवन सङ्घर्ष र पीडाको गाथा नै रहेको पाइन्छ । सानैमा टुहुरो हुनु, हजुरबाको संरक्षण पाउनु तर दश वर्षको हुँदा हजुरबाको पनि मृत्यु हुनु, कान्छीआमाको रेखदेखमा हुर्किनु, स्वयं शारीरिक रूपमा कमजोर हुनु, पहिली श्रीमती बिमलाको असमयमै मृत्यु हुनु, रुकासँग विवाह भएपछि पनि दुईवटी छोरीको शिशु अवस्थामै मृत्यु हुनु, आफन्तबाटै प्रहार खेप्न बाध्य हुनु जस्ता कुराले प्रमुख पात्र घनश्यामको जीवन एउटा कारुणिक इतिहास रहेको पाइन्छ । यस्ता दैवी विपत्ति र मानवीय तिरस्कारलाई झेल्दै अगाडि बढेको उनको जीवनकहानीका रूपमा यो उपन्यास आएको छ । समाजका घातप्रतिघात सहेर बाँच्नुको विकल्प नरहेको सन्दर्भ स्वयं बा पात्रबाट अभिव्यक्त भएको पाइन्छ । इतिहासका दुईवटा भूकम्प र कोरोनाको महामारीका प्रसङ्गहरू पनि समेटिएको पाइन्छ । मुखिया ढुण्डिराजले भोगेको १९९० सालको भूकम्प र त्यसमा च्यापिएर झन्डै ज्यान गुमाएका उनको प्रसङ्ग पनि त्रासदीपूर्ण रहेको पाइन्छ ।

> १९९० साल माघ १ गतेका दिन काठमाडौँ उपत्यकामा महाभूकम्प गयो । त्यस दिन काठमाडौँ उपत्यकामा जनधनको ठुलो क्षति भयो । काठमाडौँ उपत्यकाका अधिकांश संरचनाहरू भत्किए । काठमाडौँको सबैभन्दा अग्लो संरचना धरहरा पनि यो भूकम्पबाट अछुतो रहेन । धरहरा पनि गर्ल्यामगुर्लुम भत्किएछ । ढुण्डी हजुरबा भत्किएको यही धरहराले पुरिनुभएछ । (गैरे, पृ. २२)

त्यतिबेला ठुलो जनघनत्व नभएकाले काठमाडौँमा क्षति कम मात्रामा भएको तर २०७२ सालको भूकम्पले काठमाडौँमा ज्यादा क्षति गरेको सन्दर्भलाई उठाइएको पाइन्छ । आफू काठमाडौँमा हुँदा भूकम्प आएको र त्यसले मनमा त्रास भर्नुका साथै धेरै मात्रामा धनजनको क्षति पुऱ्याएको प्रसङ्गलाई सजीव रूपमा उतारिएको पाइन्छ । छोरा प्रतीकसँग क्वालालम्पुरको यात्रामा हिँडेको समयमा काठमाडौँमा हुँदा स्वयंले २०७२ सालको भूकम्पको धक्का सहेको सन्दर्भलाई जोडिएको पाइन्छ ।

> हामी सिँढी झर्दै थियौँ । अब कता जाने के गर्ने म त आत्तिन थालेँ । हामी हतारहतार तल झरेर बाहिरतिर दगुऱ्यौँ । प्रतीक र म सँगै थियौँ । एकैछिनमा मानिसहरू सडकमा ओइरिन थाले । कोही रोइरहेका छन् । कोही चिच्याइरहेका छन्, सबै हतास र भयभीत देखिन्छन् । (गैरे, पृ. २५०)

धेरै मानिसका दिमागमा २०७२ सालको भूकम्प ताजा रहेको छ । त्यसले गरेको क्षति अझै पनि पूरा हुन सकेको छैन । प्रमुख पात्र घनश्याम स्वयंले भोगेको त्रासदीय अनुभूति प्रस्तुत गरिएको पाइन्छ । जीवनमा हैजा, ज्वरो, पखाला लगायतका रोगहरूको सामना गर्दै आएको अनि कोभिड १९ महामारीले ल्याएको त्रासदीय अवस्थालाई प्रकाश पारिएको छ । एउटा मानिससँग अर्को मानिस टाढा हुनुपर्ने अवस्थालाई समेत देख्नुभोग्नु परेको कुराका साथमा प्रमुख पात्र घनश्यामले जीवनकालमा भोगेका दैवी तथा प्राकृतिक विपत्तिलाई ऐतिहासिक चेतका साथमा प्रकाश पारिएको छ । कोरोना कालमा भोगेको तितो यथार्थलाई यसरी प्रकाश पारिएको छ :

> कोरोनाले सबैभन्दा पहिला वृद्धवृद्धा र कमजोरलाई लैजान्छ रे ! कोरोनाले मरेको मान्छेलाई प्लास्टिकमा बेरेर सेनाको गाडीमा लगेर पुर्छ रे ! आफ्नो संस्कारअनुसार सद्गत गर्न पाउँदैनन् रे ! आफन्तले छुन पाइँदैन रे ! कस्तो डर हो यो । जतातितै डरैडर फैलिएको छ । (गैरे, पृ. २६४)

हुन पनि त्यही भयो मानिसको सेवा र सहानुभूति नपाएकाले धेरै मानिसले ज्यान गुमाउनुपरेको र मृतकलाई छुन त के देख्नसमेत नपाई गाडिएका घटना हामीहरूले पनि देख्यौँ । चीनबाट उत्पत्ति भएर विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिडले धेरै नेपालीको ज्यान लिएको अनि मानिसमा भय र त्रास सिर्जना गरेको सन्दर्भलाई उठाइएको छ । मानिसको निरीह अवस्थाको झलक पनि प्रस्तुत भएको पाइन्छ ।

## प्रतिकूल जीवनको झलक

प्रस्तुत कृतिमा नेपाली जनजीवनले भोग्नुपरेको प्रतिकूल जीवनलाई सजीव रूपमा प्रकाश पारिएको पाइन्छ । हिजो गाउँले जीवनले भोगेको नियतिको साक्षात् साक्षीको रूपमा यस कृतिका प्रमुख पात्र घनश्यामलाई उपस्थित गराइएको छ । आजको दिनबाट हेर्दा हाम्रा कृषि कर्म र विधि व्यवहारहरूमा व्यापक परिवर्तन आएको छ । विगतमा हाम्रा बा, हजुरबाहरूको जीवन भोगाइ अत्यन्तै कठिन रहेको कुरा पाठकले पनि अनुभूति गर्न पुग्दछन् । बजार गर्नका लागि बुटवल हिँडेर जानुपर्ने अवस्था र झेलेका दुःखहरूलाई पनि कृतिमा सान्दर्भिक रूपमा उल्लेख गरिएको छ । २०२२ सालमा प्रमुख पात्र घनश्याम स्वयं बटौली गएको कुरा यसरी व्यक्त गरिएको पाइन्छ :

> बटौली यो क्षेत्रकै प्रमुख बजार थियो । बटौलीमा नुनदेखि सुनसम्म पाइन्थ्यो । चामल किन्नलाई मैले केही पैसा बोकेको थिएँ । त्यो बेला बैङ्क थिएन । साथमै पैसा बोकेर हिँडिन्थ्यो । हिँड्दै जाँदा रानीबासमा पुगेपछि दिन डुबे । दिन डुबेपछि हिँड्ने कुरा भएन । त्यहीँ बास बसियो । बिहानै उठेर हिँड्न थालियो । ( गैरे, पृ. ६९)

मूलतः पहाडी जनजीवनका दुःख र विकटताको अवस्थालाई प्रकाश पारिएको छ । बिहान उठेदेखि राति अबेरसम्म मेसिन जस्तै जोतिएर काममा खटिनुपर्ने अवस्था, बाटो, पानी, खेती लगायतका कार्य पनि सहज नभएको कष्टपूर्ण अतीतको बिम्ब उतार्ने काम पनि गरिएको पाइन्छ । स्वयं घनश्यामको बाल्यकाल, पहाडमा छउन्जेलको कुटोकोदालो, नाम्लो, दाम्लो, पानी पँधेरो, मेलोपात, कुटानी, पिसानी, औषधी उपचार आदि कुरामा दुःख र सास्ती भोग्नुपरेको अवस्थालाई प्रकाश पारिएको छ । राम्रो उपचार नपाएर मानिसले अकालमा ज्यान गुमाएका प्रसङ्ग पनि देख्न सकिन्छ ।

> त्यो बेला बिरामी हुँदा सबै उपचार वैद्यले नै गर्थे । गाउँघरमा बिरामी पर्दा धामीझाँक्री र वैद्यलाई देखाउने चलन थियो । धेरै पछिमात्र पाल्पामा डाक्टर आएका हुन् ।
>
> यदि त्यो बेला डाक्टर हुँदा हुन् त मेरा बा अकालमा बित्नुहुने थिएन । बुटवलबाट फर्केपछि उहाँलाई झाडापखाला लागेको थियो । झाडा पखालाले उहाँ लखतरान पर्नुभएको थियो । औषधी उपचारको कुनै व्यवस्था थिएन । म सानै थिएँ । (गैरे, पृ. २२५)

तत्कालीन समयमा मपात्र लगायत अकालमा मृत्यु भोग्न विवश मानिसको अवस्थालाई उपन्यासमा झल्काइएको पाइन्छ । पानीसमेत खान हुन्न भन्ने अन्धविश्वासले गर्दा धेरै मानिसको अकालमा ज्यान गएको अवस्थाको चित्रण गरिएको छ । प्रमुख पात्र घनश्यामको जन्मगाउँ गरनडाँडाको भौगोलिक अवस्थिति, जग्गा जमिनको प्रकृति, विभिन्न कित्तामा रहेको सम्पत्ति, टाढाको पाही आदि कारणले पनि प्रतिकूल जीवन बाँच्न बाध्य हुनुपरेको अवस्थालाई बुझ्न सकिन्छ । आज गाउँमा घरघरै बाटो पुगेको छ, घरघरमै पानीका धाराहरूको सुविधा छ, घरैपिच्छै कुटानी पिसानीका मिलहरू रहेका छन्, गाउँका चोकचोकमा पसल खुलेका छन् । खेती किसानीको तरिका पनि बदलिएको छ तर हिजोका पुस्ताले कहर काटेर बाँच्नुपरेको यथार्थलाई उपन्यासमा प्रकाश पारिएको छ । बा-हजुरबाहरूले भोगेका दुःख र पीडा आजका मानिसलाई इतिहासको कथा बन्न गएको मर्म व्यक्त भएको पाइन्छ । सामाजिक परिवर्तन र भौतिक विकासका कारण जीवनशैलीमा आएको सुगमतालाई तुलनात्मक रूपमा अध्ययन गर्न सकिने आधार पनि यहाँ प्रस्तुत भएको पाइन्छ ।

## निष्कर्ष

प्रस्तुत उपन्यासमा इतिहासको पाटो सघन रूपमा समेटिएको देखिन्छ । पाल्पामा जन्मेर कोहलपुरलाई कर्मथलो बनाएका सागर गैरेले आख्यान लेखनमा सशक्त कलम चलाएका छन् । उनको यस उपन्यासमा आफ्नो जन्मभूमि र पैत्रिक थलोप्रतिको प्रेम पोखिएर आएको छ । प्रमुख पात्र घनश्याम बाँचेको समयलाई फर्केर सर्वेक्षण गर्ने काम लेखकले गरेका छन् । वर्तमानका आँखाबाट भुइँमान्छेको इतिहास लेख्ने काम गैरेले गरेका छन् । यस कृतिमा आफ्ना पिता घनश्याम गैरेको जीवनको इतिवृत्त उतारिएको छ । साथमा आमा र अन्य पात्रहरू पनि जोडिएर आएको पाइन्छ । आरम्भ र अन्त्यका प्रसङ्गबाहेक पैंतालीसवटा शीर्षकमा बुबा घनश्यामको समग्र गाथा तयार पारिएको छ । उनको अतीतलाई अभिलिखित गरिएकाले यस कृतिमा व्यक्तिको समग्र इतिहास समेटिन आएको छ । तत्कालीन राजनीति, समाजका विधि, नियम तथा मूल्यलाई आजको समयबाट नियाल्ने काम गरिएको छ । भौगोलिक विकटता, चेतनाको कमी, अवसरको कमी, शिक्षाको अभाव आदि कुराले तत्कालीन जीवनपद्धति कठिन रहेको मर्म उपन्यासले सम्प्रेषण गरेको पाइन्छ । दैवी तथा प्राकृतिक विपत्तिको झलकका साथमा त्यतिखेरको उपचार पद्धतिलाई पनि उल्लेख गरिएको छ । कटहरको रुख, पुल, मिल, स्थान, तीर्थ लगायतका विषय तथा विभिन्न पात्रको सम्झना तथा तीप्रतिको आलोचना तथा कृतज्ञता पनि व्यक्त भएको पाइन्छ । मोहोर बोकेर हिँड्नुपर्ने, मोहोरकै कारोबार हुने तत्कालीन अवस्थाको यथार्थ

चित्रणका साथमा उपन्यासको शीर्षकसम्बद्ध प्रसङ्गलाई समेटिएको पाइन्छ । आजको समयबाट हेर्दा मोहोर पनि स्वयं इतिहास बनेको अवस्था देख्न सकिन्छ ।

राणा कालदेखिकै नेपाली समाजको विश्लेषण गर्ने काम लेखकले गरेको पाइन्छ । लेखकका बा, हजुरबाहरूले भोगेको जीवनको यथार्थ झलक उपन्यासमा पाइन्छ । पाल्पाको ऐतिहासिक झलकका साथमा गैरेहरूको पाल्पामा आगमन र विस्तारलाई प्रस्तुत गरिएको छ । बर्दियाको ककौरामा रहेका थारूहरूको सन्दर्भ उठाउने क्रममा थारूहरूका किम्बदन्ती र विश्वासलाई प्रस्तुत गरिएको पाइन्छ । थारू संस्कृति र इतिहासको सङ्केत पनि कृतिमा पाउन सकिन्छ । प्रमुख पात्र घनश्यामले भोगेको समय आफैमा इतिहास बनेको र त्यस समयलाई आख्यानात्मक ढाँचामा प्रस्तुत गरिएकाले एउटा सामान्य नागरिकको पनि इतिहास लेखिन सक्छ भन्ने कुराको पुष्टि यस कृतिले गरेको देखिन्छ । विगतका घटना र परिवेशको झलकमै उपन्यास निर्माण भएकाले ऐतिहासिकता यस कृतिको प्रमुख आधार रहेको मान्न सकिन्छ । मोहोरको प्रचलन र स्थानान्तरणका सन्दर्भहरूले कृतिको शीर्षकीकरण र त्यसको औचित्यलाई प्रस्ट पारेको देखिन्छ ।

## सन्दर्भसामग्री सूची


उप्रेती. सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल ।

कक्षपती, सावित्री (२०७८). *उत्तरवर्ती चरणका नेपाली कथामा संस्कृति.* नेपाल प्रज्ञा- प्रतिष्ठान ।

गैरे, सागर (२०८१). *मोहोर.* माया पब्लिकेशन प्रा.लि. ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय* चौथो संस्क. साझा प्रकाशन ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल चितवन ।

भारद्वाज, मैथिलीप्रसाद (सन् १९९४). *पाश्चात्य काव्यशास्त्रके सिद्धान्त.* दोस्रो संस्क. हरियाणा साहित्य अकादमी ।

श्रेष्ठ, दयाराम(२०५९). *साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ.* त्रिकोण प्रकाशन काठमाडौँ ।

सुवेदी, राजेन्द्र (२०६८). *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* पाठ्यसामग्री प्रकाशन ।